जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरू
जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे
Jaleshwor Today Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ११ • अंक ९४ • २०८० माघ १२ गते शुक्रवार • 26 Jan. 2024 • पृष्ठ ४ • मुल्य रु.५/-

## राष्ट्रियसभा निर्वाचनमा मधेशबाट काँग्रेसका आनन्द ढुंगाना र जसपाकी पूजा चौधरी निर्वाचित

जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ माघ



राष्ट्रियसभा सदस्यमा मधेश प्रदेशबाट सत्तारुढ गठबन्धनका दुबै उम्मेदवार निर्वाचित भएका छन् । गठबन्धन घटक नेपाली काँग्रेसका आनन्दप्रसाद ढुंगाना र जनता समाजवादी पार्टी (जसपा)की पूजा चौधरी निर्वाचित भएका हुन् । काँग्रेस नेता ढुंगाना अन्य कोटा तर्फबाट ७ हजार ३७० मतभार पाएर निर्वाचित भएका छन् । उनले प्रदेशसभा सदस्यका ६७ र पालिका पदाधिकारीहरुको २०१ मत पाएका हुन् । उनका निकटतम प्रतिद्वन्दी नेकपा एमालेकी बिजेता झाले २ हजार ४८४ मतभार पाइन् । उनलाई प्रदेशसभाका २५ र पालिपाका पदाधिकारीको ६१ मत

बांकी पृष्ठ २

## राष्ट्रियसभामा फेरियो दलीय हैसियत,माओवादी पहिलो हुँदा एमाले खुम्चियो

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ माघ



आगामी फागुन २१ पछि राष्ट्रिय सभामा दलीय हैसियत फेरिने भएको छ। फागुन २१ मा पदावधि सकिने मनोनीत बाहेक १९ सांसदका लागि आज भएको निर्वाचनमा कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाको गठबन्धनले १८ सिट जितेको छ। जसमा कांग्रेसका १०, माओवादीका ५, नेकपा एकीकृत मसाजवादीका २ र जनता समाजवादी पार्टीका १ जना निर्वाचित भएका छन् । कोशी प्रदेशमा गठबन्धनमा भोटक्रस हुँदा एक सांसद गुमाएपनि राष्ट्रियसभामा सत्तारुढ माओवादी केन्द्र पहिलो दलका रूपमा स्थापित भएको छ । राष्ट्रियसभामा माओवादीका हाल उपाध्यक्षसहित (एक मनोनीत) १६ सांसद रहेका छन् । आगामी फागुन २१ मा ३ जनाको पदावधि सकिने भए पनि निर्वाचनबाट ५ जना निर्वाचित हुँदा राष्ट्रियसभामा माओवादीका १८ सांसद पुग्छ। गत वर्षको सम्पन्न प्रतिनिधि सभा

बांकी पृष्ठ २

## बालेन, हर्क र गोपीले गरे मतदान बहिस्कार



जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ माघ

गत वर्ष स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित तीन जना मेयरले राष्ट्रियसभा निर्वाचनको मतदान बहिस्कार गरेका छन् । काठमाडौं महानगर पालिका मेयर बालेन्द्र शाह 'बालेन', धरान उपमहानगर पालिका मेयर हर्क राई 'साम्पाङ' र धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमाल 'गोपी'ले मतदान बहिस्कार गरेका हुन् । आज बिहान ९ देखि ३ बजेसम्म मतदानको समय तोकिएको भएपनि सम्बन्धित प्रदेशको मतदान

बांकी पृष्ठ २

## मधेश सरकारले छोरीलाई वितरण गरेको साईकलमा भ्रष्टाचार भएको ठहर



जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ माघ

मधेश सरकारको बेटी बचाउ बेटी पढाउ कार्यक्रमअन्तर्गत साइकल खरिदमा भ्रष्टाचार भएको विशेष अदालतको ठहर गरेको छ। विशेषका अध्यक्ष अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू न्यायाधीश तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले साईकल खरिदमा भ्रष्टाचार भएको ठहर गरेको हो। फैसलामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका

बांकी पृष्ठ २

## जनकपुरबाट प्रभु साह नेतृत्वको आजपाका २३ नेताकार्यकर्ता जनकपुरबाट पक्राउ



जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ माघ

प्रभु साह नेतृत्वको आम जनता पार्टीका २३ नेताकार्यकर्तालाई प्रहरीले जनकपुरबाट पक्राउ गरेको छ। राष्ट्रिय सभाको निर्वाचनलाई लक्षित गरी आजपाले आज मधेश बन्द आह्वान गरेको छ । सो क्रममा जनकपुरधाममा बन्द गराउँदै हिड्ने २३ जनालाई रामानन्दचोकबाट पक्राउ गरेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले जानकारी

बांकी पृष्ठ २

जाडोको समयमा चिसोबाट बचौं
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

जलेश्वर नगरपालिकाको कार्यालय,महोत्तरी

जाडोको समयमा चिसोबाट बचौं
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today Daily


जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# मधेसको मसिहालाई सम्मान हुनुपर्छ

नेपालको राजनीतिमा स्व.गजेन्द्रनारायणले मधेसलाई स्थापित गरेका हुन् । मधेसमा पहिलो, दोस्रो र तेस्रो विद्रोह भयो र केही हदसम्म भए पनि मधेसले पहिचान र अधिकार पाएको छ । गजेन्द्रनारायण सिंह भन्दा पहिला पनि मधेसको मुद्दा नउठेको होइन, मधेसको अधिकार र पहिचानको कुरा पहिलो पटक प्रभावशाली र संगठित रूपमा लामो समयसम्म उठाउने उनै हुन् । उनले आफ्नो पार्टीबारे भन्थे- सद्भावना कुनै पार्टी होइन, यो मधेसी जनताको भावना हो । यस भावनालाई नेतृत्व गर्नेले प्रजातान्त्रिक पद्धतिबाट सही मार्गमा लान सक्नुपर्छ । नेपालभित्र दोस्रो दर्जाको नागरिक सरह जीवन बिताउन बाध्य बनेकालाई सामाजिक न्याय दिलाउँदै सम्पूर्ण नेपाली नागरिकले समानताको अनुभूति गर्न सक्ने नयाँ नेपालको स्थापना गर्नु नै आफ्नो पार्टीको मुख्य लक्ष्य हो । अहिलेको खासगरी मधेसकेन्द्रित राजनीतिक दल र समाजमा गजेन्द्रबाबु प्रति अगाध श्रद्धा र सम्मान आजपर्यन्त कायम देखिन्छ । सरकार केन्द्रित मुख्य दलहरूले मधेसका महत्त्वाकांक्षी नेताहरूको व्यक्तिगत स्वार्थको सम्बोधन गरिदिने तर मधेसीको अधिकारलाई वास्ता नगर्ने रणनीतिमा लागेको देखियो । हामीले धेरै सुनेको तर प्राप्त गर्न नसकेको 'समग्र मधेस एक प्रदेश', जसमा हामीले मेचीदेखि महाकालीसम्मको मधेस प्रदेश कुरा उठाएका थियौं, भावनात्मक रूपमा मेचीदेखि महाकालीसम्मको मधेसलाई जोड्ने प्रयत्न गर्ने पहिलो मधेसी नेता बन्ने श्रेय पनि उनै गजेन्द्र नारायणलाई जान्छ । अधिकार, पहिचान, समतामूलक समाज निर्माणको सवालमा आवाज बुलन्द गर्दै शोषण, उत्पीडनमा परेका मधेसी समाजमा उनले आफ्नो अधिकारका लागि लड्नुपर्छ भनी सपना जाग्रित गराउने पवित्र कार्य गरे । संघीयता, समावेशिता, मधेसीको राष्ट्रिय पहिचानको मान्यताको लडाइँ, जातीय, लैङ्गिक विभेद र असमानताको लडाइँ लड्दै समतामूलक समाज निर्माणमा जीवनपर्यन्त संघर्षरत रहे । लोकतन्त्र, बहुलवाद र राष्ट्रियताको सवाललाई तत्कालीन प्रतिकूल अवस्थामा पनि गजेन्द्रबाबुले प्रखर रूपमा स्थापित गरे । आफूमाथि अनेक लाञ्छना, आरोप-प्रत्यारोप बेहोर्दै नेपालको राजनीतिमा मधेसीहरूको पहिचान र पहुँचको कुरालाई निरन्तर रूपमा उठाउन प्रयत्न गरे । तसर्थ वहाँलाई श्रद्धाञ्जलि स्वरुप माघ १० लाई मधेस सरकारले गजेन्द्र दिवस मनाई यस दिन सार्वजनिक विदा दिएर उनलाई सम्मान गर्न जरुरी छ ।

### राष्ट्रियसभा ......

परेको छ । महिला कोटातर्फ गठबन्धनकै जसपाकी चौधरीले ७ हजार ९२३ मतभार पाएर जितिन् । उनलाई प्रदेशसभाका ७६ र पालिका पदाधिकारीहरुको २०५ मत परेको छ । उनका निकटतम प्रतिद्वन्दी एमालेकी उषा चौधरीले दुई हजार ४४६ मतभार पाइन् । उनलाई प्रदेशसभातर्फ २५ र पालिका पदाधिकारीतर्फ ५९ मत परेको छ । राष्ट्रियसभामा प्रदेशसभा सदस्यको मतभार ५२ र स्थानीय पालिका पदाधिकारीको मतभार १९ हुन्छ ।
मधेश प्रदेशमा अन्य र खुला गरी र ाष्ट्रिय सभाको दुई पदको लागि निर्वाचन भएको छ । जसमा पाँचजनाको उम्मेदवारी परेको थियो ।

### राष्ट्रियसभामा ......

सदस्यको निर्वाचनमा ३२ स्थानमा जितेर तेस्रो भएको माओवादी र ाष्ट्रियसभामा पहिलो स्थानमा पुगेको छ । यता हाल १० सांसदसहित तेस्रो स्थानमा रहेको कांग्रेसका ४ जनाको पदावधि सकिएर घर फर्किंदा पनि निर्वाचनबाट १० थपिँदा १६ जना पुगेका छ । यसअघि तेस्रो स्थानमा र हेको कांग्रेस अब दोस्रो स्थानमा पुग्ने छ । निर्वाचनमार्फत २ सिट जितेको एकीकृत समाजवादीको राष्ट्रिय सभामा उपस्थिति संख्या ८ नै कायम हुने छ । आगामी फागुन २१ मा एक सांसदको पदावधि सकिन लाग्दा जसपाले निर्वाचनबाट उक्त सिट स्थान सुरक्षित गरेको छ । राष्ट्रियसभामा पाँचौं दलको हैसियतमा रहेको जसपाका तीन सांसद छन् । १९ सिटको मत परिणामले राष्ट्रियसभाको पहिलो दल एमालेलाई तेस्रो स्थानमा खुम्च्याइदिएको छ । कोशी प्रदेशको महिलातर्फ अनपेक्षित जित हात पारेको एमालेले आगामी फागुन २१ पछि १० जनामा सीमित हुनेछ । राष्ट्रियसभामा अध्यक्षसहित एमालेका सांसदको संख्या १८ छ । राष्ट्रपतिबाट मनोनीत वामदेव गौतमले एमालेभन्दा बाहिर छन् । तत्कालीन केपी ओली नेतृत्वको सर कारकै पालामा राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत गौतम पार्टी विभाजनपछि स्वतन्त्रकै हैसियतमा छन् । फागुन २१ पछि एमाले नेतृत्वले गौतमलाई पार्टीभित्रै फर्काएको खण्डमा भने राष्ट्रिय सभामा एमालेको उपस्थिति संख्या ११ रहने छ । तर, गौतम एकीकृत समाजवादीमा प्रवेश गरे राष्ट्रिय सभामा एमाले एकीकृत समाजवादीभन्दा जम्मा एक सिटले अगाडि हुने छ । दुई वर्षअघि एमालेसँग राष्ट्रिय सभामा ३१ सांसद थिए । एमाले लगातार ६ वर्षदेखि र ाष्ट्रियसभाको पहिलो दलमा थियो । २०७४ माघ २४ मा भएको राष्ट्रिय सभा निर्वाचनबाट एमाले पहिलो दल बनेको थियो । त्यतिबेला एमाले २७ सिटमा विजयी भएर पहिलो दल बन्न सफल भएको थियो । त्यसैगरी कांग्रेस १३, माओवादी केन्द्र १२, तत्कालीन राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरम २ सिटमा विजयी भएका थियो । २०७५ वैशाखमा एमाले र माओवादी मिलेर बनेको नेकपाको नाममा (राष्ट्रिय सभामा र ाष्ट्रपतिबाट मनोनीत ३ जना सहित) ४१ सांसद थिए । २०७२ मा संविधान जारी भएपछि निर्वाचित भएका राष्ट्रिय सभा सांसदहरूको पदावधि २, ४ र ६ वर्ष गरी गोला प्रथाबाट तय गरिएको थियो । गोलाप्रथाबाट दुई वर्षे कार्यकाल परेकाहरूको पदावधि २०७६ फागुन २१ मा सकिन लाग्दा माघ ९ मा १८ सिटका लागि राष्ट्रिय सभा निर्वाचन भएको थियो । उक्त निर्वाचनबाट तत्कालीन नेकपाले १६ सिट जितेको थियो । ५९ सदस्यीय राष्ट्रिय सभामा सरकारले मनोनीत गर्ने तीन जनाबाहेक ४७ जना नेकपाका सांसद थिए । २०७६ को निर्वाचनपछि राष्ट्रिय सभामा कांग्रेस १३ सांसदबाट ६ सांसदमा खुम्चिएको थियो । नेकपासँग गठबन्धन गरेर र ाजपा भने आफ्नो दुई सिट जोगाउन सफल भएको थियो । तत्कालीन समाजवादी पार्टीले आफ्नो दुई सिटमध्ये एक गुमाएको थियो ।

### जनकपुरबाट .......

दिए । डिएसपी अवाका अनुसार उनीहरुलाई जनकपुरको रामानन्दचोकबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ । राष्टिय सभा निर्वाचनलाई लक्षित गरी आजपाले आज मधेश बन्द आह्वान गरेको छ। बैंकहरुले लिएको मनोमानी ब्याज फिर्ता हुनुपर्ने, लघुवित्त र सहकारीबाट लिएको कर्जा माफी हुनुपर्ने र सर्वसाधारणलाई सहज कर्जा प्रवाह हुनुपर्ने लगायतका माग गर्दै आजपाले आज एक दिन मधेश बन्द घोषणा गरेको हो ।

### बालेन ......

केन्द्रमा बालेन, हर्क र गोपी मतदान केन्द्रमा गएनन् । हर्कको मतदान केन्द्र कोशी प्रदेशको विर ाटनगर, बालेनको मतदान केन्द्र बागमती प्रदेशको हेटौडा र गोपीको मतदान केन्द्र सुदूरपश्चिमको धनगढीमा थियो । कोशी प्रदेशमा २ सिटका तीन दलका पाँच जना उम्मेदवार थिए भने बागमती प्रदेशका ४ सिटका ६ दलका १५ जना उम्मेदवार थिए । यस्तै सुदूर पश्चिमका ३ सिटमा तीन दलका ६ उम्मेदवार थिए ।

### मधेस सरकारले .......

तत्कालीन सचिव यमलाल भुसाल र जलस्रोत, सिँचाइ तथा विकास डिभिजन कार्यालय जनकपुरकाका तत्कालीन प्रमुख भगवान झालाई दोषी ठहर गरेको हो । दुबैजनालाई तीन-तीन महिना कैद फैसला र दश-दश हजार रुपैयाँ जरिवानाको पनि फैसला समेत अदालतले गरेके हो । 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमअन्तर्गत कक्षा-८ का छात्राहरुलाई लालबाबु राउत नेतृत्वको सरकारले वितरण गर्ने गरेको थियो ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।








एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी


## तपाईको टुडे

मेष: मनमा चिन्ता बढने
वृष: परिवारिक सुख प्राप्ति
मिथुन: प्रसंशा मिल्ने
कर्कट: खर्चमा बृद्धि हुने
सिंह: लाभ प्राप्त हुने
कन्या: शत्रुता बढने
तुला: आत्मीयता बढने
वृश्चिक: मिष्ठान भोजन मिल्ने
धनु: पढाईमा रुचि बढने
मकर: नयाँ काम पाइने
कूम्भ: साथीसँ ग भेटघाट हुने
मीन: भक्तीभाव बढने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नेपालीको समूहद्वारा भारतमा एक घरमालुटपाट

एजेन्सी
भारत, ११ माघ




पाँच जना नेपालीको एक समूहले भारतको केरलास्थित एक घरमा नगद र गहना लुटपाट गरेको छ। भारतीय सञ्चारमाध्यम द इन्डियन एक्सप्रेसका अनुसार हरिहरपुरममा घर को मालिकलाई बेहोस पार्ने खाना खुवाएर मंगलबार राति उनीहरूले लुटपाट गरेका हुन्। श्रीदेवी अम्मा नाम गरेकी महिलाको घरबाट उनीहरूले ३० हजार भारतीय रुपैयाँ नगद र हाल परीणाम नखुलेको सुनका गहना चोरी गरेको बताइएको छ। भाग्ने क्रममा दुई जना शङ्कास्पदलाई भने स्थानीयले पक्राउ गरेर प्रहरी कहाँ बुझाएका छन्। ऐरुर प्रहरीले पक्राउ पर्नेमा ४२ वर्षीय जनक साह र ४८ वर्षीय राम कुमार रहेको बताएको छ। यद्यपि उनीहरूसँग कुनै दस्तावेज नभएकाले प्रहरीले उनीहरूको नाम पुष्टि गर्न बाँकी रहेको बताएका छन्। प्रहरीका अनुसार श्रीदेवीको घरमा काम गर्ने नेपाली महिलाको सहयोगमा सो लुटपाटको योजना बनाइएको थियो। प्रहरीले काम गर्ने महिलाको नाम पनि पुष्टि गर्न सकेको छैन। उनी १५ दिनअघि मात्र श्रीदेवीको घरमा काम गर्न आएकी थिइन्। हाल फरार रहेका व्यक्तिले नै उनलाई काममा पठाएर लुटपाटको योजना बनाएको हुनसक्ने प्रहरीको अनुमान रहेको छ। लुटपाटको समयमा घरमा श्रीदेवीसहित उनकी बुहारी दीपा र नर्स सिन्धु रहेका थिए। हाल बैंग्लुरुमा कार्यरत श्रीदेवीका छोराले घरमा फोन गरेपछि घटनाबारे खुलासा भएको थियो। कसैले फोन उठाएपछि उनले खतरा महसुस गर्दै छिमेकीलाई खबर गरेका थिए। राति करिब ११ बजे ती छिमेकी श्रीदेवीको घर पुग्दा केही व्यक्तिहरू घरबाट भाग्दै गरेको देखेका थिए। लगत्तै उनले अन्य छिमेकीलाई सहयोग मागेर दुई जनालाई पक्राउ गर्न सफल भएका थिए। घरमा श्रीदेवीसहित अन्य दुई जना बेहोस अवस्थामा फेला परेका थिए। उनीहरूलाई अस्पताल पुऱ्याइएको र उनीहरूको अवस्था स्थिर रहेको बताइएको छ।

# तनहुँ जलविद्युत् आयोजनामा २८ सुरुङ खनियो

जलेश्वरटुडे समाचारदाता
दमौली, ११ माघ



एक सय४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको हालसम्म २८ वटा सुरुङ खन्ने काम सकिएको छ। ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन आयोजनाको प्याकेज एक र प्याकेज दुईतर्फ गरी कुल २८ वटा सुरुङ खन्ने काम सकिएको हो। प्याकेज एकतर्फ १० वटा तथा प्याकेज दुईतर्फ १८ वटा सुरुङ खनिएको आयोजना प्रमुख राजभाइ शिल्पकार ले जानकारी दिए। त्यस्तै प्याकेज एकतर्फ दुईवटा र प्याकेज दुईतर्फ एउटा सुरुङ खन्ने काम जारी छ। एक हजार चार सय ५६ मिटरको हेडरेस सुरुङमध्ये हालसम्म एक हजार दुई सय २० मिटर सुरुङ खनिसकिएको छ भने बाँकी खन्नेकार्य जारी रहेको आयोजनाले जनाएको छ। सोही प्याकेजअन्तर्गतको विद्युत्गृह कङ्क्रिटिङ, ट्रेलरेस कङ्क्रिटिङ, केबल सुरुङ कङ्क्रिटिङ, ड्राफ्ट ट्युब सुरुङ कङ्क्रिटिङको काम चलिरहेको आयोजनाले जनाएको छ। आयोजनाको प्याकेज दुईअन्तर्गत नै हाइड्रोमेकानिकल कार्यअन्तर्गत ठाडो सुरुङमा पेनस्टक पाइप जडान काम भइरहेको छ। हालसम्म दुई सय १२ दबमलव तीन सय नौ मिटर मध्ये एक सय पाँच दशमलव २० मिटर पाइप जडान गरिएको आयोजना प्रमुख शिल्पकारले बताए। प्याकेज दुईअन्तर्गत चीनको सिनो हाइड्रो कर्पोरेसनले भूमिगत विद्युत्गृहमा मुख्य सुरुङ र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत कार्यहरू गरिरहेको छ। यो प्याकेजको निर्माणका लागि सिनो हाइड्रो कर्पोरेसनसँग विसं २०७५ असोज १५ गते गरिएको खरिद सम्झौताबमोजिम सिनोले विसं २०७५ माघ ६ गतेदेखि आयोजनास्थलमा निर्माणकार्य जारी राखेको छ। प्याकेज-तीनअन्तर्गत प्रसारण लाइन निर्माणका क्रममा हालसम्म ७० वटा टावरको जग हाल्ने कार्य सकिएको छ। तेत्तीसवटा टावर जडान गरिएको छ भने १३ वटा टावर को जग संरक्षण गरिएको आयोजनाले जनाएको छ। आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ। कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर लाग्नेमा एसियाली विकास बैंकले १५ करोड डलर, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख डलर, युरोपेली लगानी बैंकले आठ करोड ५० लाख डलर र नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्नेगरी वित्तीय व्यवस्थापन गरिएको छ।

# धेरै समयको आरामपछि फिल्ममा कम्ब्याक गर्दै प्रीति जिन्टा

एजेन्सी
काठमाडौं, ११ माघ



सनी देओल 'गदर-२' को सफलतापछि अर्को ठुलो चलचित्रको तयारीमा लागेका छन्। सनीको नयाँ चलचित्र 'लाहौर १९४७' यतिबेला चर्चामा छ।

चलचित्रका लागि थुप्रै नायिकाहरूको नाम आएको थियो। तर, अहिले यस चलचित्रमा नायिकाको रूपमा प्रीति जिन्टालाई देखिने समाचार आएको छ। उनी लुक टेस्टका लागि स्टुडियोसमेत पुगेकी छिन्। प्रीतिले लामो समयपछि

यसअघि पनि प्रीति र सनीले थुप्रै चलचित्रमा काम गरिसकेका छन्। उनीहरूले यसअघि 'हीरो : लभ स्टोरी अफ अ स्पाई', 'फर्ज' र भैयाजी सुपरहिट' मा काम गरेका थिए। प्रीतिले अन्तिम पटक खेलेको चलचित्र पनि भैयाजी सुपरहिट थियो। चलचित्र सन् २०१८ मा रिलिज भएको थियो। चलचित्रलाई आमिर खानले निर्माण गर्न लागेका छन्। आमिरसँग राजकुमार सन्तोषी पनि चलचित्रको हिस्सा हुनेछन्। चलचित्रको सुटिङ अर्को महिनादेखि सुरु हुने बताइएको छ। चलचित्रको बजेट करिब १ सय करोडको हुने बताइएको छ।

# सुपर सिक्समा पुग्न नेपालले सुधार्नुपर्ने ४ कमजोरी

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ माघ

नेपालले आईसीसी यू-१९ विश्वकप २०२४ मा आफ्नो समूह चरणको अन्तिम खेल शुक्रबार अफगानिस्तानसँग खेल्नेछ। नेपाल सुपर सिक्समा पुग्न अफगानिस्तानलाई हराउनु पर्छ। अथवा वर्षाको कारण खेल रद्द हुनुपर्छ। नेपाल पराजित भएको खण्डमा सुपर सिक्स यात्रा समाप्त हुन्छ र नेपालले १३ औं देखि १६ औं स्थानको लागि प्लेअफ खेल्नुपर्ने समीकरण छ। गत डिसेम्बरमा यूएईमा सम्पन्न एसिया कपमा नेपाल अफगानिस्तानसँग ७३ रनले पराजित भएको थियो। युवा ब्याटर अर्जुन कुमालले ९१ रनको इनिङ खेले पनि अन्य खेलाडीको साथ नपाउँदा २६१ रनको विजयी लक्ष्य पछ्याएको नेपाल १८८ रनमा अल आउट भएको थियो। पछिल्लो एक दशक यता नेपालले अफगानिस्तानलाई हराउन पनि सकेको छैन। नेपालमाथि लगातार बाधक बन्दै आएको छ। त्यसैले अफगानिस्तानलाई हराउन सामान्य प्रदर्शन पर्याप्त हुनेछैन। नेपालले आफ्नो हालसम्मको उत्कृष्ट क्रिकेट खेल्नुपर्छ। त्यसको लागि नेपालले सुरुवाती दुई खेलमा देखिएका प्रमुख कमजोरी सुधार गर्न अति आवश्यक छ। नेपालले यी ४ कमजोरी सुधार गर्न सके अफगानिस्तानलाई हराउँदै सुपर सिक्समा पुग्न सक्छ।

*१.ठूलो साझेदारी र इनिङको आवश्यक*

क्रिकेटमा साझेदारी सबैभन्दा महत्वपूर्ण हुन्छ। एकदिवसीय क्रिकेटमा विशाल योगफल बनाउन एउटा जोडीले ठूलो साझेदारी गर्नुपर्छ। न्युजिल्यान्डविरुद्ध देव खनाल र अर्जुन कुमालले तेस्रो विकेटका लागि ६२ बलमा ५९ रनको साझेदारी गरेको हुँदा २३८ रन सम्म पुगेको थियो। उक्त खेलमा अन्य ब्याटरले अर्धशतकीय साझेदारी गर्न सकेका थिएनन्। पाकिस्तानविरुद्ध कुनै पनि ब्याटर



ले ४० रनको साझेदारी गर्न सकेनन्। जस्ले गर्दा नेपाल १९७ रनमा अल आउट भएको थियो। जति ठूलो साझेदारी खेलाडी र टोलीको मनोबल त्यतिनै बढ्ने हो। विपक्षी टोलीले विकेटको धुनमा खराब बलिङ गर्ने सम्भावना पनि त्यतिनै रहन्छ। न्युजिल्यान्डविरुद्ध अर्जुन कुमालले ९० रनको इनिङ खेलेका थिए। उनलाई अर्को एन्डबाट साथ मिलेको थिएन। पाकिस्तानविरुद्ध विपिन रावलले सर्वाधिक ३९ रन बनाए। नेपालको टोलीमा देव, गुलशन र अर्जुन प्रमुख ब्याटर हुन्। देव पाकिस्तानसँग २३ र न्युजिल्यान्डसँग ३६ रनमा आउट भएका थिए।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।





बलवा नगरपालिकाको कार्यालय, महोत्तरी

## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।



सस्तोमा ब्याग पाईन्छ



सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी




ADMISSION OPEN !
FROM CLASS PG TO ABOVE



GYAN GANGA INTERNATIONAL PUBLIC SCHOOL
JANAKPURDHAM-12,AIRPORT ROAD
CONTACT : 9824877627/9844027971

# प्रशासनिक सुधारको सूत्र- ३ : भर्ना छनोट र परीक्षण प्रविधिमै परिवर्तन

**–गोपीनाथ मैनाली**

नेपालको प्रशासन अप्रभावकारी, अल्छी, अग्रहणशील र अजवाफदेही भएको विषयमा समाजको विभिन्न क्षेत्रबाट चर्चा, आलोचना र आक्रमण हुँदै आएको छ। प्रत्येक सरकारले प्रशासनिक दक्षताका सन्दर्भमा तीखो टिप्पणी पनि गर्दै आएका छन्। प्रशासनकै कारण संघीयता कार्यान्वयन खतरामा पर्न सक्ने आरोप पनि लागेको छ। सेवाग्राही जनताबाट प्रशासनलाई विश्वास र भरोसाका आधारमा हेर्ने गरिएको छैन। प्रशासनले पुर्‍याएको सेवाको स्तर, परिमाण, लागत र सेवाका लागि खर्चेको समयको परिमाण जस्ता सबैजसो सूचकहरूबाट प्रशासनिक दक्षता र प्रभावकारिता पुष्टि हुँदैन, बरु उसमाथि लागेको आरोप पुष्टि हुन्छ। नेपालको सार्वजनिक प्रशासनमा यो अवस्था आउनुका पछि प्रशासन आफू मात्र दोषी भने होइन, जसरी भन्ने गरिएको छ। तर सुधारको कार्यसूची आफू भित्रबाट खोजी सुधारको प्रवेश बिन्दु आफूलाई बनाउनुपर्ने दायित्वबाट भने यो चुकेकै हो। प्रशासनलाई व्यावसायिक, कार्यप्रेरित, जनमुखी बनाउने पहिलो आधार वा प्रशासन सुधारको प्रवेश बिन्दु भनेको भर्ना छनोट (पदपूर्ति) हो। भर्ना छनोटलाई जति वास्तविक र योग्यतामूलक बनाउन सकियो, त्यसैको सापेक्षमा कर्मचारीतन्त्र र समग्र सार्वजनिक प्रशासनको प्रभावकारिता देखिन्छ। नेपालको पदपूर्ति प्रक्रियामा सुधारका धेरै सम्भावनाहरू छन्। झन्डै सात दशकअघि पब्लिक सर्भिस कमिसनले परीक्षा लिएर शुरू गरेको भर्ना छनोट प्रक्रियामा सामान्य सुधार गरेर अहिलेको अवस्थामा आइपुगेको छ जुन अहिलेको उदार लोकतान्त्रिक व्यवस्था, विश्वव्यापीरकरणले ल्यएका नयाँ मूल्यमानक र जागरुक सेवाग्राहीको अपेक्षा पूरा गर्ने खालका छैन। उम्मेदवारको क्षमता, अभिरुचि र प्रवृत्तिको पहिचान गरेर उपयुक्त व्यक्ति छनोट हुनुपर्दछ। यसका लागि विस्तृत परीक्षण चाहिन्छ। भर्ना छनोट प्रक्रिया सतही र सजिलो मात्र भएमा यसले चुकाउनुपर्ने मूल्य धेरै हुन्छ, संस्थाको प्रभावकारिता र स्वयं व्यक्तिको वृत्ति विकास दुवैतिर खेलबाड हुनपुग्छ, संगठनले व्यक्तिलाई र व्यक्तिले संगठनलाई अन्तरबोध गर्न नसक्ने स्थिति आउँछ। अहिलेको अवस्था यसैको उपज हो।

**भर्ना छनोटको विकास क्रम**

नेपालको भर्ना छनोट प्रणालीमा प्रवेश गर्नुअघि भर्ना छनोटको शुरूआत र यसले अवलम्बन गर्ने आधारमाथि छोटो प्रकाश पार्ने अनुमति चाहन्छु। निजामती प्रशासन, कर्मचारीतन्त्र र सार्वजनिक प्रशासनको दार्शनिक शुरूआतको लामो पृष्ठभूमि छ। तर, कर्मचारी भर्ना छनोटलाई व्यवस्थित गर्न थालिएको भने उन्नाइसौं शताब्दीबाट मात्र हो। सन् १८५३ अघि बेलायतमा भाइभतिजालाई समर्थन गर्ने भर्ना छनोट पद्धति थियो भने अमेरिकामा राजनैतिक संरक्षणको सिद्धान्तलाई आधार मान्ने पद्धति थियो। बेलायतमा लर्ड, नाइट, सर, ब्यारिस्टरजस्ता भारदारहरूका सन्तानले मात्र अवसर पाउँथे, जसका सन्तानले अवसर पाउँदैन थिए, संसदमा उनीहरूको स्वर चर्को हुन्थ्यो र सरकारको आलोचना गर्थे। कसरी आफू आलोचनाबाट पनि मुक्त हुन सकुँ र सार्वजनिक प्रशासनको भर्ना छनोट पनि व्यवस्थित होस् भनी प्रधानमन्त्री विलियम ग्लाडस्टोन चिन्तित थिए। यसै विषयलाई सम्बोधन गर्न सन् १८५३ मा ग्लाडस्टोनले आफ्नो मन्त्रालयका स्थायी सचिव स्टानफोर्ड नर्थकोट र कन्जरभेटिभ राजनीतिज्ञ सी ई ट्रेभिलियनलाई जिम्मेवारी दिए। उनीहरूले चीनले सातौं शताब्दीमा अपनाएको मेन्डारिन ढाँचाको परीक्षा विधिलाई परिस्कार गरी योग्यतामूलक निजामती सेवा शुरू गर्न १८५४ मा प्रतिवेदन दिए, जसले परम्परागत रूपमा रहेको राजनैतिक रूपमा रुचाइएका, मनपराइएका र नातेदारहरू (प्रिफरमेन्ट, प्याट्रोनेज एन्ड पर्चेज) लाई सार्वजनिक प्रशासनमा लिने विधिलाई विस्थापन गरी योग्यतामूलक, व्यावसायिक, निष्पक्ष र स्थायी निजामती सेवाको शुरूआत गर्‍यो। कर्मचारी छनोटलाई वस्तुपरक, विश्वसनीय र निष्पक्ष बनाउने भूमिकाका लागि निजामती सेवा आयोग गठन गरियो। नर्थकोट-ट्रेभेलियन प्रतिवेदनबाट शुरू गरिएको निष्पक्ष छनोट प्रक्रियालाई १९६८ को फुल्टन कमिटी प्रतिवेदन र १९८८ को नेक्स स्टेप प्रतिवेदनले सामयिक बनाउँदै ल्यायो। अमेरिकामा भने १८२१ तिरबाट मौलाउँदै १८८१ तिर चरमसीमामा पुगेको राजनैतिक संरक्षणको सिद्धान्त (स्पोएल सिस्टम) लाई १८८३ को पेन्डेल्टन निजामती सेवा सुधार ऐनले खारेज गरिदियो। स्पोएल सिस्टमका दुई मान्यता थिए : (क) कुनै पनि सार्वजनिक पदाधिकारीको कार्यकाल अर्कोको भन्दा बढी हुनुहुँदैन र (ख) विजेताको पक्षमा इनाम हुन्छ। राष्ट्रपति विड्रो विल्सनले सार्वजनिक पदका लागि जोकुनै व्यक्ति योग्य हुन सक्दैन शिवाय उसको क्षमता र योग्यता भने। सार्वजनिक प्रशासनका यी दुई घटनाहरूले भर्ना छनोटमा योग्यता प्रणालीलाई संस्थागत गर्ने आधार दियो। भर्ना पद्धति उत्कृष्ट प्रतिभालाई आकर्षण गर्न सक्षम छैन। बजारमा उपलब्धमध्ये योग्य र क्षमतावान उम्मेदवार आकर्षण गर्न त्यस्ता उम्मेदवार खोजी गर्ने, आवेदन गर्न प्रेरित गर्ने, आवेदन गर्न लगाउने, विज्ञापनमा वृत्तिपथ र सुविधाको अनुमानयोग्यताहरू कायम गर्ने कामहरू भएका छैनन्। यो भर्ना विधि नेपालमा सकारात्मक हैन औपचारिक र नकारात्मक खालको छ। यसर्थ कोही पनि व्यक्ति कुनै सार्वजनिक पदका लागि अर्कोभन्दा योग्य छ भन्ने आधार उसको क्षमताबाहेक अरू हुन सक्तैन भन्ने मान्यताको जगमा योग्यता प्रणाली उभिएको हुन्छ। योग्यताका आधारका रूपमा शैक्षिक उपलब्धि, प्राविधिक सीप, व्यक्तिगत गुण, दक्षता र शारीरिक तन्दुरुस्ती पर्दछन्, जसको मूल्याङ्कन सामान्यतः लिखित र अन्य परीक्षा मार्फत गरिन्छ। सरकारले आफ्नो कार्यसम्पादनका लागि योग्य कर्मचारी माग्न सक्छ, तर को योग्य भन्ने निर्धारण आफैं गर्न सक्दैन। कर्मचारी भर्ना छनोटको काम कार्यकारीकै भएता पनि इतिहासका केही पीडादायी घटनाका कारण स्वायत्त निकायलाई सुम्पिने गरिँदै आएको छ। यो काम बेलायतमा निजामती सेवा आयोगले गर्दछ भने अमेरिकामा पर्सोनेल मेनेजमन्ट अफिस र मेरिट सिस्टम प्रेटेक्सन वार्डले संयुक्त रूपमा गर्दछन्। अमेरिकाको कानूनसंहिता (युनाइटेड स्टेट कोड) को भाग २३०१, खण्ड ५ ले योग्यता प्रणालीको व्यावहारिक खाका प्रस्तुत गरेको छ, जसले योग्यता प्रणालीको सिद्धान्त भनेको सर्वसाधारणले अपेक्षा गरिको कार्यकुशलता, प्रभावकारिता, निष्पक्षता, सबैको लागि खुला र राजनैतिक हस्तक्षेपबाट स्वतन्त्र एवं इमान्दार कार्यप्रवीण एवं समर्पित कर्मचारी प्रणालीको सुनिश्चितता हो भनेको छ। क्यानडा र अस्ट्रेलियामा लोकसेवा आयोग, भारतमा संघीय निजामती सेवा आयोग, भुटानमा शाही निजामती सेवा आयोगले पनि कुनै न कुनै रूपमा बेलायत तथा अमेरिकी प्रणालीका सिद्धान्त अनुरूप नै योग्यता प्रणाली अपनाएका छन्। जापानमा कार्यकारीअन्तर्गतकै नेसनल पर्सोनेल एजेन्सी (एनपीए) ले यो काम गर्दछ भने खास पदहरूमा विभागीय मन्त्रालयले पनि भर्ना छनोट गर्न सक्दछन्। त्यहाँको मेजी शासनकालदेखिको स्थापित संस्कृतिले कार्यकारिणी अन्तर्गत नै कार्यसम्पादन गर्दा पनि निष्पक्षता, वस्तुपरकता र योग्यता प्रणालीका मूल्यहरू सबल छन्। न्यूजिल्यान्डले एक कदम अघि बढेर लोइ रिक्रुटमेन्ट एजेन्सीजस्ता सरकारभन्दा बाहिरका विज्ञ संस्थालाई सरकारी सेवाका पदमा भर्ना छनोट गर्न सहकार्य गरेको छ। नेपालले प्रजातन्त्रको स्थापनापछि बेलायती ढाँचाको पदपूर्ति प्रणालीलाई अभ्यासमा ल्याएको छ।



**भर्ना छनोटका विधि तथा सिद्धान्तहरू**

निजामती सेवा सरकारको स्थायी कार्यकारी संयन्त्र हो। यसैको क्षमता, समर्पण र अभिरुचिका आधारमा नै मुलुकको शासन प्रणाली र विकासले संस्थागत निरन्तरता पाउँछ। त्यसैले निजामती सेवा मूल्यमा आधारित हुनुपर्छ, जसका यी पाँच स्तम्भ छन्

- सदाचारिता,
- इमान्दारिता,
- वस्तुपरकता,
- निष्पक्षता,
- व्यावसायिकता

निजामती सेवाका यी मूल्यहरू संरक्षण र प्रबर्द्धन गर्न उपयुक्त भर्ना छनोट विधि चाहिन्छ। भर्ना छनोट गर्दा उम्मेदवारको कार्यसम्पादन प्रवृत्ति, कार्यसम्पादनको क्षमता र अभिरुचि, व्यक्तिमा निहित दृष्टिकोण, सीपको अवस्था र विकासको सम्भावनाको परीक्षण गरिन्छ। यी गुणहरू भर्ना तथा छनोटमा छुट्टाछुट्टै आधारमा हेरिन्छन्, किनकि भर्ना भनेको रिक्त पदमा श्रम बजारमा उपलब्धमध्ये योग्य र क्षमतावान उम्मेदवार आकर्षण गर्न त्यस्ता उम्मेदवार खोजी गर्ने, आवेदन गर्न प्रेरित गर्ने, आवेदनको सहजीकरण गर्ने र आवेदित उम्मेदवारहरूको योग्यताको सामान्य परीक्षण गरेर छनोटमा जान उपयुक्त छ भन्ने विधि हो। तर छनोटचाहिँ विज्ञापित पदमा आवेदित उम्मेदवारहरू सम्बन्धित पदसँगको उपयुक्तता निर्धारण गर्ने विधि हो। कतिपय भर्ना छनोटमा यसलाई चरणबद्धरूपमा पनि लिने गरिन्छ (जस्तो भारतको संघीय लोकसेवा आयोगले लिने परीक्षा) भने कतिपयमा भने एक प्रक्रियाको क्रममा लिने गरिन्छ (जस्तो नेपालको लोकसेवा आयोगले लिने परीक्षा)। भर्ना छनोटमा सामान्यतः सामान्य ज्ञान (भर्बल रिजनिङ), बौद्धिक परीक्षण वा आईक्यू (न्यूमेरिकल रिजनिङ), सैद्धान्तिक बुझाइ, पारिस्थितिक क्षमता परीक्षण (सिचुएसनल जजमेन्ट टेस्ट), वैयक्तिक स्वभाव (पर्सनल ट्रेट), समूह व्यवहार र नमूना घटनाको प्रस्तुतिबाट परीक्षण गरिन्छ। पदले लिनुपर्ने जिम्मेवारीका आधारमा परीक्षा विस्तृत वा संक्षिप्त, वस्तुगत र विषयगत हुने गर्दछ, जस्तो कि कार्यकारी पदहरूले नीति विश्लेषण, निर्णय निर्माण गर्नुपर्ने भएकाले विश्लेषण, विवेचना र स्पष्ट दृष्टिकोणसहितको निष्कर्ष हेरिन्छ। तर शुरू तहका पदहरूमा बुँदा टिपोट, पत्राचार, अभिलेख व्यवस्थापनजस्ता काम गर्नुपर्ने भएकाले त्यस्ता पदहरूमा सामान्य सैद्धान्तिक ज्ञान र प्रस्तुति झल्किने संक्षिप्त परीक्षा भए पुग्छ। छनोटको अन्तिम क्रम अन्तर्वार्तामा विषयवस्तुको गहनता, भूमिका बोध, व्यावसायिकता (ब्यूजिनेस अुकमन), सदाचारिता, लगाव र निष्ठा (प्यासन), विषयवस्तुप्रति आलोचनात्मक क्षमता (क्रिटिकल थिङ्किङ) र समूह व्यवहार हेर्ने गरिन्छ। यी सबै पक्षमा परीक्षण गरिसकेपछि उम्मेदवारलाई खास पदका लागि योग्य मानिन्छ। अर्को अर्थमा योग्य उम्मेदवार भनेको खास पदका लागि एक किसिमले सद्‌गुणहरूले पूर्ण व्यक्तिको निर्धारण हो।

**नेपालमा भर्ना छनोट**

प्रजातन्त्र स्थापनापछि नेपालको निजामती सेवामा सीमितरूपमा योग्यता प्रणालीले प्रवेश पायो। २००७ अघि कर्मचारी भर्ना पद्धति थिएन, उच्च पदहरू राणा तथा ठकुरीको वर्चस्व थियो। अन्य पदहरूमा पजनी प्रथा थियो। नेपालको अन्तरिम शासन विधान, २००७ ले पब्लिक सर्भिस कमिसन स्थापना गरी यसको कार्यप्रणालीलाई सरकार र राजनैतिक आग्रहबाट पर राख्न संवैधानिक हैसियत प्रदान गरिएको थियो। कमिसनले २०१४ सालबाट कर्मचारी भर्नाको लागि लिखित परीक्षामार्फत योग्यताको जाँच गर्ने कार्य थालनी गर्दै आएको छ।

साभार : लोकान्तर


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।








धनुषाधाम नगरपालिकाको कार्यालय,धनुषा

## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- ➢ धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
- ➢ यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- ➢ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
- ➢ कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- ➢ यसले तपाई र तपाईको परिवारलाई असर पुर्‍याउँछ।

त्यसैले,

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday